कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

मिति २०७९ साल वैशाख १३ गतेका दिन बसेको नगरकार्यपालिकाको दसौं बैठकबाट देहायबमोजिमका निर्णयहरु पारित गरियो।

निर्णय नं.१

यस नगरपालिका, नगरकार्यपालिकाको मिति २०७८/१२/३० गतेको बैठकले गरेका निर्णयहरुको समिक्षा गरियो। कार्यन्वयन गर्न बाँकी निर्णयहरु यथाशिघ्र कार्यान्वयन गर्न सम्बन्धित विषयगत शाखा एवं वडा कार्यालयहरुलाई निर्देशन दिने।

निर्णय नं. २

क) कोहलपुर नगरपालिका अन्तर्गतका देहाय बमोजिमका कार्यपालिका सदस्य एवं नगरसभा सदस्यहरुले बिभिन्न मितिमा नगर प्रमुख समक्ष राजिनामा दिएको विषय बैठकमा जानकारी भयो ।

देहाय:

| क्र.सं. | नाम थर | पद | ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १ | सन्जु कुमारी चौधरी | नगर उप प्रमुख | कोहलपुर-०५ | |
| २ | कर्णसिंह बुढा क्षेत्री | वडा अध्यक्ष | कोहलपुर-०२ | |
| ३ | माधव रिजाल | वडा अध्यक्ष | कोहलपुर-०३ | |
| ४ | तिरथराम थारु | वडा अध्यक्ष | कोहलपुर-०४ | |
| ५ | रामशरन थारु | वडा अध्यक्ष | कोहलपुर-०६ | |
| ६ | दिपकजंग शाह | वडा अध्यक्ष | कोहलपुर-०७ | |
| ७ | ठाकुर प्रसाद थारु | वडा अध्यक्ष | कोहलपुर-०९ | |
| ८ | टेकचन हरिजन्न | वडा अध्यक्ष | कोहलपुर-१४ | |
| ९ | नारायणी वली | का.पा.सदस्य | कोहलपुर-१२ | |
| १० | कल्पना शर्मा | का.पा.सदस्य | कोहलपुर-१० | |
| ११ | भिम वहादुर नेपाली | का.पा.सदस्य | कोहलपुर-०८ | |
| १२ | अनिता कुमारी बुढा क्षेत्री | सदस्य | कोहलपुर-१५ | |
| १३ | आरती चमार | सदस्य | कोहलपुर-०४ | |
| १४ | कानी चमारनी | सदस्य | कोहलपुर-०९ | |
| १५ | जहगिंर अलि साई | सदस्य | कोहलपुर-१४ | |
| १६ | टिका देवि विश्वकर्मा | सदस्य | कोहलपुर-०५ | |
| १७ | प्रिया वस्फोर | सदस्य | कोहलपुर-१५ | |
| १८ | फागु थारु | सदस्य | कोहलपुर-०६ | |

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

Shagun

नगर कार्यपालिकाको कार्यालय
कोहलपुर नगरपालिका
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

| | | | | |
|---|---|---|---|---|
| १९ | फुल कुमारी थारु | सदस्य | कोहलपुर–०५ | |
| २० | बजु थारु | सदस्य | कोहलपुर–११ | |
| २१ | बल बहादुर घर्ती | सदस्य | कोहलपुर–१३ | |
| २२ | बलिराम अहिर | सदस्य | कोहलपुर–०९ | |
| २३ | मेराजुदिन जागा | सदस्य | कोहलपुर–०४ | |
| २४ | रुक्मिना शर्मा | सदस्य | कोहलपुर–१४ | |
| २५ | रेखा सुनार | सदस्य | कोहलपुर–०३ | |
| २६ | लड्डन जागा | सदस्य | कोहलपुर–०४ | |
| २७ | ललन अलि साई | सदस्य | कोहलपुर–०९ | |
| २८ | सन्त कुमार थारु | सदस्य | कोहलपुर–१५ | |
| २९ | सरस्वती थारु | सदस्य | कोहलपुर–०७ | |
| ३० | सवारी चमारनी | सदस्य | कोहलपुर–०७ | |
| ३१ | सुनिता कुमारी राना विष्ट | सदस्य | कोहलपुर–०९ | |
| ३२ | हरी प्रसाद थारु | सदस्य | कोहलपुर–१० | |
| ३३ | पतिराम थारु | सदस्य | कोहलपुर–०७ | |

ख) यस नगरपालिकाका उपप्रमुख लगायत वडा नं. १ देखि १५ सम्मका केही वडा अध्यक्ष, वडा सदस्य एवं कार्यपालिका सदस्य पदमा निर्वाचित सदस्यहरु मध्ये अधिकांश सदस्यहरुले राजिनामा दिई सो पदहरु रिक्त भएको हुँदा प्रचलित कानून वा नेपाल सरकारले अन्यथा व्यवस्था गरेमा सोही बमोजिम हुने गरी हाललाई नेपालको संविधान एवं स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११६ को अधिनमा रही देहाय बमोजिम सेवा प्रवाह नियमित गर्ने ।

<u>देहायः</u>

१. उपप्रमुखले सम्पादन गर्नुपर्ने कार्यहरु मध्ये योजनाहरुको अनुगमनको सन्दर्भमा अनुगमन समितिका बरिष्ठतम सदस्य श्री रेशम बहादुर खत्री संयोजक रहने गरी रिक्त दुई वटा सदस्यहरुमा वडा नं. ५ का वडा अध्यक्ष श्री विष्णुप्रसाद तिवारी र कार्यपालिका सदस्य श्री लिला पाण्डेलाई जिम्मेवारी तोक्ने ।

२. वडा अध्यक्षले राजिनामा दिई रिक्त भएको अवस्थामा बहालवाला वडा सदस्यहरुले आफूहरु मध्येबाट छनौट गरेको सदस्यले कार्यवहाक वडा अध्यक्ष भई काम गर्ने । छनौट हुन नसकेमा उमेरको आधारमा जेष्ठ सदस्यले कार्यवहाक वडा अध्यक्ष भई काम गर्ने ।

३. वडा अध्यक्ष लगायत सबै सदस्यहरुको पद रिक्त भएको अवस्थामा ऐनको दफा ११६(२) बमोजिम वडासचिवले का.वा. वडाध्यक्ष जनाई वडाअध्यक्षको कार्य गर्ने । वडासचिव बिदा वा

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

Shagun

रिक्त भएको अवस्थामा निज मातहतको प्रशासन सेवा तर्फको सहायक कर्मचारीले उक्त कार्य सम्पादन गर्ने ।

निर्णय नं. ३

क) यस नगरपालिकाको विभिन्न मितिमा सम्झौता भई कार्य सम्पन्न भएका देहाय बमोजिमका योजना तथा कार्यक्रमहरुको चालु आ र्थिक वर्षमा समपुरक कोष तर्फ विनियोजित बजेटबाट रकम भुक्तानी गरी फरफारक गर्ने ।

| सि. नं. | योजनाको नाम र ठेगाना | सम्झौता मिति | कार्य सम्पन्न मिति | भुक्तानी दिनुपर्ने रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | लक्ष्मी मा.बि. को भवन निर्माण | २०७७/०२/१३ | २०७७/०९/३० | ९,१२,५४९।- | |
| २ | शिवशक्ति आ.बि. कोहलपुर २ | २०७८/०८/१० | २०७८/१२/१४ | ५,९०,०००।- | |
| ३ | विभिन्न वडाको बाटो ग्राभेल (वडा नं. २,३,६,११) | २०७८/१२/१६ | २०७९/०१/०८ | ३,१५,४२०।- | |
| ४ | त्रि.मा.बि. भवन निर्माण | २०७७/०१/१६ | २०७८/११/३० | २,३४,०८६।- | |

ख) नेपाल सरकार, प्रदेश सरकार, जिल्ला समन्वय समिति लगायतका निकायहरुसँग साझेदारी/म्याचिङ्मा कार्य गर्ने गरी सम्झौता भएका र निर्माण सम्पन्न भई नियमानुसार नपुग हुने नगरपालिकाको चालु आ.ब. मा विनियोजित समपुरक कोष तर्फको बजेट शीर्षकबाट भुक्तानी गरी फरफारक गर्ने ।

निर्णय नं. ४

यस नगरपालिकाको स्वास्थ्य संस्था दर्ता, अनुमति तथा नविकरण निर्देशिका पहिलो संशोधन, २०७८ बमोजिम गठित स्वास्थ्य संस्था स्थापना संचालन अनुगमन तथा पुर्वाधार स्वीकृति समितिको मिति २०७९/०१/०७ को सिफारिस बमोजिम देहायका अस्पतालहरुलाई वार्षिक रुपमा नविकरण गर्ने गरी हाललाई १ वर्षका लागि सञ्चालन गर्न स्वीकृति दिने ।

क) भेरी कर्णाली अस्पताल प्रा.लि., कोहलपुर ११, बाँके ।

ख) कोहलपुर सिटी हस्पिटल प्रा.ली., कोहलपुर ११, बाँके ।

निर्णय नं. ५

यस नगरपालिकाको योग तथा प्राकृतिक चिकित्सालय भवनमा सञ्चालित आधारभुत अस्पताल हाल नगरपालिकामा नवनिर्मित सिकलसेल ल्याबको भवनबाट सेवा प्रवाह गर्ने र हाल भाडामा रहेको सिकलसेल ल्याबको सेवा समेत सोही भवनबाटै २०७९ जेठ १ गतेदेखि दिने । एम्बुलेन्स सेवा सञ्चालनको हकमा अर्को व्यवस्था नभए सम्म देहाय बमोजिम गरी सञ्चालन गर्ने ।

क) ७० वर्ष माथिका जेष्ठ नागरिक, अपाङ्ग(क र ख वर्गका), सर्पदंश विरामी, नियमित ANC गरेका गर्भवती महिलालाई प्रसुती हुन अस्पताल लैजाँदा मात्र कोहलपुर नगरपालिकाका स्थायी बासिन्दाको हकमा जिल्ला भित्र एम्बुलेन्स सेवा निःशुल्क गर्ने, अन्यको हकमा जिल्ला दररेट अनुसार शुल्क लिई सञ्चालन गर्ने ।

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

ख) एम्बुलेन्स सवारी चालकको हकमा हाल कार्यालयमा मौजुदा जनशक्तिबाटै व्यवस्था गर्ने । दमकल संचालनसँग एम्बुलेन्स संचालनलाई आबद्ध गरी चालकले आलोपालो एम्बुलेन्स संचालन गरी एम्बुलेन्स चालकलाई सो वापत उठेको रकमको १५ प्रतिशत थप खाजा खाना खर्च उपलब्ध गराउने । निःशुल्क बोक्ने बिरामीको हकमा सो प्रतिशतको रकम बराबर नगरपालिकाले नै व्यहोर्ने ।

ग) एम्बुलेन्स प्रयोगकर्ताले लगबुक, नगदी रसिद, निःशुल्क एवं सशुल्क प्रदान गरेको सेवाको प्रमाण कागजात संलग्न गरी मासिक प्रतिवेदन पेश गर्ने ।

घ) एम्बुलेन्स संचालन गर्दा फोकल पर्सन जनस्वास्थ्य शाखा प्रमुखलाई तोकी निजले समन्वय, निर्देशन, प्रतिवेदन गर्नुपर्ने जिम्मा दिने ।

निर्णय नं. ६

यस नगरपालिकाको मेयर कप खेलकुद प्रतियोगिता एवं उपमेयर कप छात्रा क्रिकेट प्रतियोगिताको लागि विनियोजित रकम अपुग भएकाले मेयर/ उपमेयर कपका लागि खर्च भएको रकम मध्ये नपुग भुक्तानी गर्दा रु.१ लाख वा सम्झौता रकमको २५% मा जुन कम हुन्छ सोही हुने गरी भैपरि आउने चालु खर्चबाट भुक्तानी दिने ।

निर्णय नं. ७

कोहलपुर नगरपालिका अन्तर्गत कोहलपुर स्वास्थ्य चौकी र सिकलसेल ल्याबमा कार्यरत ल्याव सम्बन्धी कार्य गर्ने कर्मचारीहरुलाई २५% जोखिम भत्ता माग भएकोमा हाललाई नगर सभा निर्णय बमोजिम १५% प्रोत्साहन भत्ता मात्र उपलब्ध गराउने ।

निर्णय नं. ८

गत आ.व. ०७७/०७८ मा भुक्तानीको लागि पेश भई भौचर एवं चेक तयार भएका तर चेक नसाटिएका तपसिल बमोजिमको कुल रकम रु.१५,९८,५५१।- को समपुरक कोषबाट हुने गरी भुक्तानी दिने निर्णय गरियो ।

| सि.नं. | नाम | खर्च प्रकृति | भौचर नं. | भुक्तानी दिनुपर्ने रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | पि.बि. कन्सट्रक्सन प्रा.लि. | पुँजिगत | ७१९ | २०१५६ | |
| २ | हमाल बिल्डर्स | पुँजिगत | ७११ | १०९३७८ | |
| ३ | नेपाल निजामती कर्मचारी संगठन | चालु | | ४९२५ | |
| ४ | एलाईट इन्जिनियरिङंग सोलुसन्स प्रा.लि. | चालु | १०४१ | १०३०६१६ | |
| ५ | श्याम बहादुर चौधरी | पुँजिगत | ७५० | ४६८९१ | |
| ६ | एस.एच. फर्निचर | पुँजिगत | ६०५ | २०७२० | |
| ७ | एस.एच. फर्निचर | पुँजिगत | ५५७ | ५४२६८ | |
| ८ | सुवाषचन्द्र यादव | पुँजिगत | ७४५ | ९५७८१ | |
| ९ | ड्राइभ ईलेक्टोनिक्स प्रा.लि | पुँजिगत | ७५१ | २१६८१६ | |
| कुल जम्मा | | | | १५,९८,५५१ | |

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

Shagun

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

निर्णय नं. ९ बिबिध

क) कार्यपालिकाको मिति २०७८/०४/१९ को निर्णय बमोजिम नगरपालिकाबाट संचालित विभिन्न योजनाहरुको ६ महिना म्याद थप गरिएकोमा हालसम्म पनि विविध कारणले कार्य सम्पन्न भै नसकेका योजनाहरुको म्याद यहि २०७९/०२/३० सम्म कायम गर्ने ।

ख) यस नगरपालिकाको वडा नं. १५ स्थित चन्नहवामा बाटो मर्मतका क्रममा हालिएको ह्युमपाईप तथा ग्राभेल वापतको बिल भरपाई बमोजिमको रकम मध्ये **मर्मत सम्भार कोषबाट** अधिकतम रु.४०,०००।– सम्म भुक्तानी दिने ।

ग) वडा नं. १४ मा समरसेल जडान वापतको रकम प्राविधिक स्टिमेट बील, भरपाई वमोजिम अधिकतम रु.२,००,०००।- मा नबढने गरी भुक्तानी दिने ।

घ) यस नगरपालिकाको ८ नं. वडा कार्यालय र १२ नं. वडा कार्यालय परिसरमा खानेपानी व्यवस्थापनका लागि समरसेल धारा जडान गर्ने र सो वापतको रकम समपुरक कोषबाट भुक्तानी दिने ।

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

Shagun